# सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ उपदफा (३) र नियमावली २०६५ को नियम ३ को प्रयोजनको लागि यो विवरण प्रकाशित गरिएको छ ।

## आ.ब. २०८१/८२ (प्रथम त्रैमास)

**१. निकायको स्वरुप र प्रकृति :**

यस सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भई नेपाल बीमा प्राधिकरणबाट ( तत्काली बीमा समिति) मिति २०७४/०४/१८ मा जीवन बीमा व्यवसाय गर्ने बीमकको इजाजतपत्र प्राप्त गरी मिति २०७४/०६/०६ गते देखि जीवन बीमा व्यवसायको कार्य प्रारम्भ गरी हाल सम्म निरन्तरता दिदै आईरहेको छ । यस कम्पनीले कम्पनी ऐन, २०६३, बीमा ऐन, २०७९ तथा बीमा नियमावली, २०४९ तथा प्रचलित कानूनको अधिनमा रहि धेरै भन्दा धेरै जीवन बीमा सेवा प्रवाह गर्न “सन लाइफ छ जहाँ जीवन बीमा छ त्यहाँ” भन्ने नारा सहित उत्कृष्ट जीवन बीमा सेवा प्रदायकको रुपमा स्थापित हुने लक्ष्य लिएको छ ।

**२. निकायको काम, कर्तव्य र अधिकार :**

कम्पनी ऐन, २०६३, बीमा ऐन २०७९, धितोपत्र ऐन, २०६३, प्रचलित ऐन, कानुन, नियम तथा निर्देशिकाहरुको अधिनमा रही तथा कम्पनीको प्रबन्ध पत्रमा व्यवस्था भए अनुरुप यस कम्पनी कार्यरत छ ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

२०८१ असोज ३० सम्ममा कार्यरत कर्मचारी संख्या ३९० रहेको छ ।

**४. निकायबाट प्रदान गरिने सेवा :**

बीमा ऐन, २०७९ बमोजिम जीवन बीमा कम्पनीले प्रदान गने सक्ने सम्पुर्ण सेवाहरु ।

**५. सेवा प्रदान गरिने निकायको शाखा र जिम्मेवार अधिकारी :**

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरणहरु कम्पनीको बेबसाइट बाट जानकारी लिन सकिन्छ ।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

कम्पनीले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा सो सम्बन्धी आवश्यक अन्य सम्पूर्ण विषयवस्तुहरु यस कम्पनीको वेवसाइटमा प्रकाशित गरिएको छ ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

कारोबारका सम्बन्धमा शाखा प्रबन्धक, प्रादेशिक कार्यालय प्रमुख, विभागिय प्रमुखका अतिरिक्त उच्च पदस्थ व्यवस्थापन पदाधिकारीहरु प्रमुख निर्णयकर्ताका रुपमा रहेका छन् । कम्पनीको दैनिक कार्य संचालनसँग सम्बन्धित विषयमा प्रमुख कार्यकारी अधिकृत तथा कम्पनीको समष्टिगत कार्यसंचालनसँग सम्बन्धित विषयमा संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

ग्राहकको गुनासो सुन्न तथा उजुरी गर्नका लागि हाल केन्द्रिय कार्यालयका Chief Strategy Officer श्री दिव्येस झा ( ९७७-०१-४५३६१२६ (EXT. ३२७)) लाई तोकिएको छ ।

## ९. सम्पादन गरेको कामको विवरण :

बीमा ऐन २०७९ एवं नेपाल बीमा प्राधिकरणबाट जारी निर्देशिका तथा परिपत्र बमोजिम जीवन बीमा कम्पनीले गर्न सक्ने सम्पुर्ण कारोबारहरु सम्पादन भइ रहेको छ ।

## १०. सूचना प्रमुखको नाम र पद :

**सुचना अधिकृतको नाम :** गणेश चौलागाइ, प्रमुख बजार अधिकृत /सुचना अधिकृत

**सुचना प्रमुखको नाम :** राज कुमार अर्याल, प्रमुख कार्यकारी अधिकृत

## ११. ऐन, नियम, विनियम र निर्देशिकाको सूची :

सम्पूर्ण ऐन, नियम र निर्देशनहरु यस कम्पनीले पालना गर्दै देहाय बमोजिम ऐन, नियम, बिनियम र निर्देशिकाहरु निर्जीवन बीमा व्यवसायको लागि प्रमुख रहेका छन् ।

- कम्पनी ऐन २०६३ तथा कम्पनी नियमावली २०६४
- बीमा ऐन, २०७९ तथा बीमा नियमावली, २०४९
- धितोपत्र ऐन, २०६३ तथा धितोपत्र नियमावली, २०६४, बाँडफाँड निर्देशिका, २०७४
- मुलुकी देवानी (संहिता) ऐन, २०७४
- श्रम ऐन, २०७४
- बोनस ऐन, २०७४
- आयकर ऐन, २०५८, मु.अ.कर ऐन २०५२ तथा नियमावलीहरु
- सम्पत्ति शुद्धिकरण ( मनिलाउण्डरीङ ) निवारण ऐन, २०६४
- नेपाल बीमा प्राधिकरणबाट जारी गरिएका सम्पूर्ण निर्देशनहरु तथा परिपत्रहरु

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण :

आ. व. वित्तिय विवरण, कुल दावी भुक्तानी विवरण तथा समग्र आर्थिक कारोबारको त्रैमासिक विवरण राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित हुँदौ आएको छ । साथै यस कम्पनीको वेभ साइट www.sunlife.com.np मा समेत राख्ने गरिएको छ ।

## १३. तोकिए बमोजिमका अन्य विवरण :

नभएको ।

## १४. अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :

अभिकर्ताहरुको नियमित भेला तथा तालिम, वार्षिक साधारण सभा, कर्मचारीहरुलाई तालिम आदि दिइएको छ ।

## १५.सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण :

www.sunlife.com.np

## १६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :

नभएको ।

**१७. सार्वजनिक निकायले प्राप्त गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :**

यस कम्पनीले जीवन बीमा कारोबार सम्बन्धी कार्य गर्दै आएको छ , त्यसदेखी बाहेक विशेष प्रकारको कुनैपनि कार्यक्रम वा आयोजना संचालन गरेको छैन । कम्पनीको त्रैमासिक व्यवसाहिक कारोबार, प्रगती प्रतिवेदन, विवरण कम्पनीको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**

यस कम्पनीले सूचनाको कुनै वर्गिकरण नगरेको । सूचनामा अनाधिकृत पहुँच र सो को अनाधिकृत प्रशारण नहुने गरि प्रचलित कानुन बमोजिम सूचनाको संरक्षण गरिएको ।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :**

यस आर्थिक वर्षमा सूचना माग सम्बन्धी कुनै निवेदन प्राप्त नभएको ।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**

यस कम्पनीले आफ्नो वार्षिक विवरणहरु पुस्तकको रुपमा तथा कम्पनीको वेवसाइटमा समेत प्रकाशित गर्दै आएको छ । साथै कम्पनीको आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्र पत्रिका गरि कम्पनीको वेवसाइटमा समेत प्रकाशित गर्दै आएको छ ।